नेपाल सरकार

चिकित्सा शिक्षा आयोग

(मापदण्ड तथा प्रत्यायन निर्देशनालय)

पत्र संख्या :- १०८३/०८४

चलानी नं. :- १४८

सानोठिमी, भक्तपुर ।

मिति २०८३/०८/०१

विषयः MD/MS को अध्ययन अवधि र Eligibility Letter सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा चिकित्सा शिक्षा आयोग - वैदेशिक अध्ययन अनुमतिपत्र व्यवस्थापन समितिका पदाधिकारी र नेपाल मेडिकल काउन्सिलका अध्यक्ष, रजिष्ट्रार लगायतका पदाधिकारीहरूको मिति २०८३/०७/१९ गतेको संयुक्त बैठकबाट देहायबमोजिमको निर्णय भएको हुँदा सोही अनुसार हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

देहायः

निर्णयहरु :

निर्णय नं.१

नेपालको MD/MS को Course अवधि ३ वर्षको रहेकोले चिकित्सा शिक्षा आयोगबाट इलिजिबिलिटी लेटर लिएर चिनका विभिन्न विश्वविद्यालयमा MD/MS अध्ययन गर्न गएका विद्यार्थीहरुको Course अवधि नेपालको MD/MS को Course अवधि भन्दा केही महिना कम देखिएको र सोही कारण निजहरुको नेपाल मेडिकल काउन्सिलको नामदर्ता परीक्षाको आवेदन स्वीकृत नभएको हुँदा नामदर्ता परीक्षामा समावेश गरी पाउँ भनी सो प्रकृतिका केही विद्यार्थीहरुबाट यस आयोगमा निवेदन पर्न आएको पृष्ठभूमीमा देहाय बमोजिमको निर्णय गरियो।

क. यस प्रकृतिका विद्यार्थीको अध्ययन अवधि नपुग भएको समयावधि बराबरको आवासीय चिकित्सक (Resident doctor) ले गर्ने सरहको अभ्यास सम्बन्धित विश्वविद्यालय वा नेपालका शिक्षण संस्थामा पूरा गर्न लगाउने । सो पूरा गर्ने सम्बन्धमा सम्बन्धित विद्यार्थीबाट कबुलियतनामा गराउने, कबुलीयतनामा पश्चात निजहरुलाई नामदर्ता परीक्षामा सहभागी गराउने र कम भएको अवधि बराबरको Clinical Practise गरे पश्चात मात्र नामदर्ता परीक्षाको प्रमाणपत्र जारी गर्ने ।

ख. अब उप्रान्त MBBS तथा BDS मा ५.५ वर्ष अध्ययन अवधि र MD/MS तथा MDS मा ३ वर्ष अध्ययन अवधि भन्दा कम अध्ययन अवधि भएका व्यक्तिहरुलाई इलिजिबिलिटी लेटर जारी नगर्ने । नामदर्ता परीक्षामा समेत सहभागी नगराउने।

ग. माथि निर्णय न.१ बमोजिमका प्रकृतिका बाहेकका विदेशमा अध्ययन गरेका विद्यार्थीहरुलाई नेपालमा Internship,Resident को अवसर उपलब्ध नगराउने ।

(रुद्रप्रसाद रेग्मी)
उपसचिव

फोन : ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट : www.mec.gov.np